# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली

मितिः १६ मई २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेन्द्र मोदीले ४ जुनमा आफ्नो पार्टीको सरकार बनेपछि हरेक भ्रष्टाचारीलाई जेल पठाइने बताउनु भएको छ।
२. पश्चिम बंगालमा लोकसभा चुनावको पाँचौं चरण अन्तर्गत भोलि सात लोकसभा सीटहरुमा निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गराउन चुनाव आयोग प्रतिबद्ध छ र यसको निम्ति सबै तयारी पूर्ण भइसकेको छ।
३. पश्चिम बंगालकी मुख्य मन्त्रि ममता ब्यानर्जी संकेत दिए अनुसार ब्यदी केन्द्रमा इंडिया गठबन्धनको सरकार गठन भए तिनको पार्टी तृणमूल कांग्रेसमा सामेल हुन सक्छ।
४. झारग्राममा तृणमूल कांग्रेसका नेता अभिषेक ब्यानर्जीको बैठकमा झारग्रामबाट वर्तमान भाजपा सांसद कुनार हेम्ब्रम तृणमूल कांग्रेसमा सामेल हुनु भएको छ।
५. अलिपुर मौसम विभागले दिएको जानकारी अनुसार भोलि पाँचौं चरणको मतदानको दिन दक्षिण बंगालको सबै जिल्लाहरूमा चट्याङसहित वर्षाको सम्भावना रहेको छ।

**प्रधानमन्त्री– पश्चिम बंगाल**

प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता नरेन्द्र मोदीले ४ जुनमा आफ्नो पार्टीको सरकार बनेपछि हरेक भ्रष्टाचारीलाई जेल पठाइने बताउनु भएको छ। आज पश्चिम बंगालको पुरुलियामा एक जनसभामा उहाँले तृणमूल कांग्रेस सरकारलाई अनुसूचित जाति, जनजाति र दलितको चिन्ता नभएको बताउनु भयो। श्री मोदीले आरोप लगाउनु भयो कि यदि तृणमूल र कांग्रेस सत्तामा आए भने उनीहरूले आरक्षण खोस्नेछन्। श्री मोदीले बाबा साहेब भीमराव अम्बेडकर धार्मिक आधारमा आरक्षणको पक्षमा नरहेको बताउनु भयो।

****** ० ******

**पाँचौ चरण मतदान**

पश्मिच बंगालमा लोकसभा चुनावको पाँचौ चवरण अर्न्तगत भोली २० मईमा सात लोकसभा सीटहरूमा निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्तिच गराउन चुनाव आयोग प्रतिबद्ध छ र यसको निम्ति सबै तयारीहरू पूर्ण भईसकेको छ। भोली हुगली जिल्लाको हुगली, आरमबाग, श्री रामपुर, उत्तर २४ परगना जिल्लाको ब्यारकपुर अनि बनगावँ तथा हावड़ा र उलुबेरिया सामेल छन्। मुख्य निर्वाचन अधिकारी सी.ई.ओ कार्यालय अनुसार यी सात लोकसभा क्षेहत्ररू मध्ये ५० प्रतिशतभन्दा अधिक संवेदनशील बूथहरू छन्। यसलाई ध्यानामा राख्दै आयोगले केन्द्रिय सशस्त्र पुलिस बलको तैनाती बढ़ाएको छ। भोली मतदान बिहान ७ बजेदेखि बेलुकी ६ बजेसम्म हुनेछ। यस चरणमा आठ राज्य र केन्द्रशासित प्रदेशहरूका ४६ सीटहरूको निम्ति मतदान हुदैछ।

****** ० ******

**इण्डी एलाइन्स– तृणमूल कंग्रेस**

पश्चिम बंगालकी मुख्यमंत्री ममता व्यानर्जीले संकेत दिए अनुसार यदि केन्द्रमा इण्डिया गठबन्धनको सरकार गठन भए तिनको पार्टी तृणमूल कंग्रेस सरकारमा सामेल हुनसक्छ। पार्टीका लोकसभा उम्मेद्वार मिताली बागको समर्थनमा आरामबागमा आयोजित एक चुनावी ऱ्यालीलाई सम्बोधन गर्दै मुख्यमंत्रीले भन्नुभयो– कंग्रेस अनि माकपा माझ एउटा भ्रमित गठबन्धनलाई छोड़ेर पश्चिम बंगालमा कुनै गठबन्धन छैन, हामी राष्ट्रिय स्तरमा इण्डिया गठबन्धनसित छौं, यसपाली केन्द्रमा इण्डिया गठबन्धनको सरकार गठन हुने निश्चित छ। मुख्यमंत्रीले भाजपाले मन्दिरहरूलाई लिएर राज्यमा तनाउ उत्पन्न गर्ने प्रयास गरिरहेको आरोप लागाउनु भएको छ। मुख्यमंत्रीले अझ भन्नुभएको छ– संदेशखालीमा गरेको षड़यन्त्रपछि अब भाजपाले राज्यमा मन्दिरहरूको विषय लिएर तनाउ सृजना गर्नसक्छ। उहाँले गृहमंत्री अमित शाहले मानिसहरूलाई शेयर बजारहरूमा निवेश गर्ने परामर्श दिएकोमा आलोचना गर्नुभएको छ। चुनाव भइरहेको बेला यस्तो आचार संहिताको उल्लंघन हो।

****** ० ******

**निर्वाचन आयोग**

निर्वाचन आयोगले पश्चिम बंगालको भाजपा अध्यक्ष सुकान्त मजुमदारलाई आदर्श आचारसंहिता उल्लंघन गरेको आरोपमा कारण देखाउ नोटिस जारी गरेको छ। आयोगले तृणमूल कांग्रेसबाट प्राप्त उजुरीमा भाजपाले ४ मेमा दुइवटा

बंगला पत्रिकामा गलत, अप्रमाणित र भ्रामक बयान समावेश गरी मतदाताहरूलाई अनावश्यक प्रभाव पार्ने विज्ञापन छापेको आरोप लगाएको छ। अर्कोतर्फ पश्चिम बंगालको काजीपारा, मुर्शिदाबादमा चुनावी र्‍यालीमा तृणमूल कांग्रेसका विधायक हुमायुन कबीरले दिएको बयानको निर्वाचन आयोगले कडा निन्दा गरेको छ। हुमायुन कबीरले सम्बोधनको क्रममा मतदाता र विपक्षी दलको कार्यकर्ताहरुलाई धम्की दिएको आयोगमा उजुरी गरेको थियो। आयोगले उहाँलाई आचारसंहिता उल्लंघन गरेको भन्दै कारण देखाउ नोटिस जारी गरेको छ।

****** ० ******

**झारग्राम**

झारग्राममा तृणमूल कांग्रेसका नेता अभिषेक ब्यानर्जीको बैठकमा झारग्रामबाट वर्तमान भाजपा सांसद कुनार हेम्ब्रम तृणमूल कांग्रेसमा सामेल हुनु भएको छ। अभिषेक ब्यानर्जीले श्री हेम्ब्रमको हातमा तृणमूल कांग्रेसको झण्डा राखेर उहाँलाई पार्टीमा स्वागत गर्नुभयो। सूत्र अनुसार यस पल्ट भाजपाले झारग्रामबाट श्री हेम्ब्रमलाई लोकसभा टिकट नदिएर उहाँको स्थानमा डा. प्रणत टुडुलाई उम्मेदवार बनाएको छ। सांसद हेम्ब्रमले टिकट नपाएपछि भाजपा छोड्ने घोषणा गरेका थिए। अन्ततः आज उहाँ तृणमूलमा सामेल हुनु भयो। यस अवसरमा अभिषेक ब्यानर्जीले भाजपाले अनुसूचित जनजातिको विकासको लागि केहि नगरेको बताउनु भयो।

****** ० ******

**दिलिप घोष**

भाजपाका नेता दिलिप घोषले मुख्यमन्त्री ममता ब्यानर्जीले हिजो एउटा चुनावी रयालीमा इस्कन, रामकृष्ण मिशन, भारत सेवाश्रम संघको भिक्षुहरूको एउटा भागले राजनीति गरेको बयानको कडा आलोचना गर्नु भएको छ्य मुख्यमन्त्रीलाई निशाना बनाउँदै श्री घोषले मुख्यमन्त्रीले दिमागी सन्तुलन हराएको बताउनु भएको छ।

****** ० ******

**समष्टी सीमांकन पहल भाजपा**

भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला समितिले एक प्रेस विज्ञप्ती जारी गर्दै पार्टीका प्रवक्ता तथा उपाध्यक्ष एल.एम लामले भन्नुभएको छ, आगामी वर्ष २०२६ मा विधानसभा र लोकसभा समष्टिहरूका नया सीमा निर्धारण हुने सरकारको घोषणा रहेको छ अनि यो दार्जीलिङ पहाड़को जनता साथै सबै राजनैतिक दलहरूका निम्ति सीमांकन सच्चाउने एउटा ठूलो मौका हुनेछ। यो समस्या सामूहिक समस्या भएकोले सामूहिक पहल र अभ्यास जरूरी छ। भाजपा दलले दूरदर्शी कार्यक्रम बनाएर देशलाई अघि बढ़ाईरहेको छ।

****** ० ******

**रक्तदान**

रक्तदान जीवन दान, रक्त देकर जीवन बचाएष भन्ने नारा संग जटेश्वरमा आज स्वैच्छिक रक्तदान शिविर सम्पन्न भयो। फालाकाटा ब्लकको जटेश्वर प्रगति संघको पहलमा आज स्वैच्छिक रक्तदान शिविर आयोजना गरिएको हो। रक्तदान शिविरमा मानिसहरुको उत्साहजनक सहभागिता रहेको थियो। यस अवसरमा यस वर्षको माध्यमिक र उच्च माध्यमिकको मेधावी विद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो।

****** ० ******

**सामूहिक विवाह**

बनवासी कल्याण आश्रम सिलगड़ीले गरीब परिवारका एक सय आठ जोड़ीको सामूहिक विवाह सालबाड़ीमा आज आयोजन गर्‍यो। यस ससामूहिक विवाहमा वर-बधुलाई घर चलाउने उपयोगका सरसामनहरू पनि प्रदान गरे। कल्याण आश्रमले विगत कैयौं वर्षदेखि गरीबहरूका कल्याण्का लागि सामूहिक विवाहको आयोजना गर्दै आईरहेछ। छोरा-छोरीको विवाह गर्न खर्च जुटाउन नसकेका परिवारहरूलाई ठूलो टेवा प्राप्त भएको रिर्पोटमा उल्लेख गरिएको छ।

****** ० ******

**हात्ती**

जलदापाड़ा नेशनल पार्क संलग्न रहेको मदारीहाटको खैरबारी क्षेत्रबाट आज हात्तीको शव फेला परेको छ। बिहान गाउँलेहरूले वयस्क हात्तीको शव देखे पछि यसबारे वन विभागलाई खबर गरेका थिए।

****** ० ******

**मनसून आरम्भ**

दक्षिण– पश्चिमी मनसूनले देशको सबैभन्दा दक्षिणी छोर निकोबार द्वीपसमूह आइपुगेको छ। मौसम विभागले बताए अनुसार मनसून आगामी ४८ घण्टामा मालद्वीपका केही क्षेत्रहरूमा अनि कोमोरिन क्षेत्र तथा दक्षिण बंगालको खाड़ीका केही भागहरूमा, निकोबार द्वीप समूह अनि दक्षिण अण्डमान सागरतर्फ बढ़िरहेको छ। मनसून ३१ मईसम्म केरल आइपुग्ने सम्भावना रहेको छ।

****** ० ******

**बंगाल मौसम**

बंगालमा केही दिनदेखि तापक्रम बढिरहेको छ। यसैबीच अलिपुर मौसम विभागले दिएको जानकारी अनुसार भोलि पाँचौं चरणको मतदानको दिन दक्षिण बंगालको सबै जिल्लाहरूमा चट्याङसहित वर्षाको सम्भावना रहेको छ। वर्षासँगै ३०–५० किलोमिटरको गतिमा हावाहुरी पनि चल्न सक्ने अनुमान गरिएको छ। मौसम विभाग अनुसार कोलकाता, हुग्ली, हावडा, झारग्राम, पुरुलिया बाहेक दक्षिण बंगालका सबै जिल्लाहरूमा मेघगर्जन सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

****** ० ******

**किराँती खम्बु राई सांस्कृतिक संस्थान**

किराँती खम्बु राई सांस्कृतिक संस्थानद्वारा आगामी २५ अनि २६ मई को दिन दुई दिन साकेला पर्व सम्पन्न गरिने भएको छ। बिभिन्न संकृतिक कार्यक्रम, खाद्य सामग्रीहरुको प्रदर्शनी लगायत सिल्ली नृत्य प्रतियोगिता हुने भएको छ।

****** ० ******

**तीनधारे बुद्ध जयन्ती**

खरसाङ महकुमा अन्तर्गत तीनधारेको मिठाई डॉड़ा स्थित छोइलिंग गुम्बामा यसपाली पनि तीन दिवसीय बुद्ध जयन्ती पालन गरिने भएको छ। यस तीन दिवसीय बुद्ध जयन्तीमा पहिलो दिन २१ मईमा बिहानदेखि दोमंग पाठ र बेलुकी ५ बजेदेखि सोल्खो पूजा आयोजन गरिनेछ। दोस्रो दिन २२ मईको दिन बिहानदेखि डोल्मा पूजा, सामूहिक पूजा अनि १०८ वटा छिमी बत्ती बालिनेछ साथै तेस्रो दिन बिहानको पूजा, दिउसो छोई कोर, बुद्धको प्रतिमा साथै छोइहरू बोकेर नगर परिक्रमा गरिने जानकारी प्राप्त भएको छ।

****** ० ******

************